# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भरतपुर, चितवन ।

## व्यवस्थापन प्रशिक्षार्थी आवश्यकता सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मितिः २०८२/०८/०३, कारोवार राष्ट्रिय दैनिक)
(दोश्रो पटक प्रकाशित मितिः २०८२/०८/१८)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त यस संस्थाले हाल ७३ जिल्लामा १५८ शाखाहरू मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएकोले यस संस्थामा देहाय बमोजिमका योग्यता पुगेका ग्रामीण क्षेत्रमा काम गर्न ईच्छुक अनुभवी नेपाली नागरिकहरूबाट दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौं वा ईमेल vacancy@deproscbank.com.np मार्फत आईपुग्ने गरी आफ्नो योग्यता, अनुभव, नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयम् प्रमाणित गरी यस वित्तीय संस्थाले तोकेको ढाँचामा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

१. **विज्ञापन नं.** : १/२०८२/०८३

   (क) पद : व्यवस्थापन प्रशिक्षार्थी
   (ख) आवश्यक संख्या : १० (दश)
   (ग) श्रेणी : अधिकृत

२. **न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ। नेपाल बाहिरको शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता मान्य प्रमाण (Equivalence Certificate) समेत पेश गर्नु पर्नेछ । स्नातकोत्तर उत्तीर्ण गरेका उमेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।

३. **अतिरिक्त योग्यता** : कम्प्युटर सम्बन्धी दक्ष र मोटरसाईकल चालक अनुमतिपत्र प्राप्त भएका उमेदवारलाई प्राथमिकता दिईनेछ ।

४. **प्रशिक्षणको क्षेत्रः** लक्षित वर्ग र तोकिएको स्थानमा गई समुह निर्माण, बचत/कर्जा परिचालन, कार्यक्रम तथा कार्यालय व्यवस्थापन, लघुवित्त कारोवारको सम्पूर्ण अभिलेखीकरण र अन्य कार्यहरू सहित व्यवस्थापकिय क्षमता वृद्धि गर्न तालिम दिईनेछ ।

५. **परीक्षाको किसिम** : फिल्ड अवधारणा, लिखित र अन्तरवार्ता हुनेछ ।

६. **उमेर** : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

७. **छनौट सूची** : प्राप्त दरखास्तहरू वित्तीय संस्थाले निर्धारण गरेका मापदण्डको आधारमा छानविन गरी छनौट सूची तयार गरिनेछ । छनौट सूचीमा परेका उमेदवारहरूलाई फिल्ड अवधारणा यस वित्तीय संस्थामा शाखामा पठाई निजको प्रतिक्रिया पश्चात् उपयुक्त देखिएमा लिखित परीक्षामा सामेल हुने मिति, समय र स्थानको बारेमा वित्तीय संस्थाको वेवसाइट www.deproscbank.com.np मा सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।

८. **परीक्षा दस्तुर** : लिखित परीक्षामा सामेल हुने समयमा रू.७००/- (सात सय) परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

९. लिखित परीक्षामा उत्तीर्ण भएका उमेदवारलाई अन्तरवार्तामा सहभागी गराईनेछ ।

१०. अन्तरवार्ता परीक्षाबाट उत्तीर्ण भएका उमेदवारलाई मात्र व्यवस्थापन प्रशिक्षार्थीको रूपमा नियुक्ति गरिनेछ ।

११. प्रशिक्षण अवधि संस्थाको नियमानुसार हुनेछ । प्रशिक्षार्थीको कार्यसम्पादन सन्तोषजनक भएमा मात्र संस्थाको नियमानुसार सहायक अधिकृत पदमा नियुक्ति गरिनेछ ।

१२. प्रशिक्षण अवधिमा पारिश्रमिक संस्थाको नियमानुसार उपलब्ध गराईनेछ ।

१३. छनौट भएका उमेदवारहरूले वित्तीय संस्थाले तोकेको कार्यालयमा गई काम गर्नु पर्नेछ ।

१४. पाठयक्रम यस वित्तीय संस्थाको वेबसाइट https://www.deproscbank.com.np/assets/uploads/files/media/84d6e-syllabus_open.pdf बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१५. दरखास्त फारम यस वित्तीय संस्थाको वेवसाट https://www.deproscbank.com.np/assets/uploads/files/media/27fe2-vacancyapplicationform.pdf बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१६. संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरू कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार यस वित्तीय संस्थाको पदपूर्ति समितिमा सुरक्षित रहनेछ ।